# नेपाल सरकार

**प्रदेश प्रमुख**

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

आज जेठ १५, अर्थात् नेपाल शाहवंशीय राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा प्रवेश गरेको ऐतिहासिक र गौरवमय दिन । यस महत्वपूर्ण दिनको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई एवं दिदीबहिनीहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । साथै, गणतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात अमर शहीदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै बेपत्ता, घाईते तथा अपाङ्ग योद्धाहरुमा उच्च सम्मान प्रकट गर्दछु ।

ऐतिहासिक जनआन्दोलन २०६२/०६३ को बसन्त क्रान्तिको जगमा नेपाली जनताका प्रतिनिधिमार्फत २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट हाम्रो देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक घोषणा गरिएको हो । यो दिनलाई हामी वंश परम्परामा चलिआएको निरंकुश, केन्द्रिकृत र एकात्मक शासन व्यवस्थाको अन्त्य गर्दै नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउँने दिनका रुपमा स्मरण गर्दछौं । यस व्यवस्थामा हामी संघीयता, धर्मनिरपेक्षता, समानुपातिकता एवं समावेशीतासहितको संविधान प्राप्त गर्दै अधिकार सम्पन्न नागरिक भएका छौं । यही व्यवस्थाबाट हाम्रो देशलाई सुशासन, विकास एवं समृद्धिको पथमा लम्किने आधार समेत निर्माण भएको छ । नेपालको संविधानले मौलिक हकका रूपमा व्यवस्था गरेका सम्मानपूर्वक बाँच्न पाउँने, स्वतन्त्रता, समानता, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक न्याय, सामाजिक सुरक्षा, श्रम, महिला, बालबालिका, दलितका हक जस्ता विषय हाम्रा लागि अत्यन्त सुखद् र खुशीको विषय हो । यी तमाम प्राप्त उपलब्धिको रक्षा र कार्यान्वयन गर्दै अघि बढेमा गणतन्त्र थप दिगो र दरिलो हुँदै जनताको जीवनमा सार्थक र सकारात्मक परिवर्तन अवश्य हुनेछ ।

आजको ऐतिहासिक दिनको सन्दर्भलाई स्मरण गरिरहँदा हामीले प्राप्त गरेको उपलब्धिमाथि धावा बोल्नेबाट सचेत रहँदै मुलुकको भौगोलिक अखण्डता, सार्वभौमिकता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण राख्दै संविधानको मर्म र भावना अनुसार चल्नु हामी सबै नागरिकको दायित्व हो । हाम्रो जीवनलाई आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणसहित सभ्य र सुसंस्कृत बनाउँदै समुन्नत समाज निर्माणमा गणतन्त्रले सदैव मार्ग प्रसस्त गरोस् । देश निर्माणको महाअभियानमा लामबद्ध हुन हामी सबैलाई यो दिवसले प्रेरणा मिलोस् भन्दै पुनः सबैमा शुभकामना व्यक्त गर्दछु ।

**२०८० जेठ १५ गते, सोमबार**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**